फोन :- ०६८४२११००, ०६८४२११०१
वेब साइट :- jaiminimun.gov.np
इमेल :- jaiminimun@gmail.com

# जैमिनी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### कुश्मीसेरा, बागलुङ

प.स.: ०७४/०७५
च.न.:

४ नं.प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र आव्हान

**ल्यापटप, कम्प्युटर, फ्याक्स तथा प्रिन्टर सामान खरिद सम्वन्धी शिलवन्दी दरभाउपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मितिः२०७४/११/१५

यस नगर कार्यपालिकाको कार्यालयमा तथा यस जैमिनी नगरपालिका अन्तर्गतका वडा समितिको कार्यालयहरुको लागी आ.व. २०७४/७५ मा वितरण गरिने ल्यापटप, कम्प्युटर तथा प्रिन्टरहरु खरीद कार्य शिलबन्दी दरभाउको माध्यमद्धरा गराउनु पर्ने भएकोले नेपाल सरकार बाट इजाजत प्रप्त गरेको फर्म वा कम्पनीबाट निम्न शर्तको अधिनमा रही रीतपुर्वको शिलबन्दी दरभाउपत्र आह्वन गरिन्छ ।

१. कार्यालयमा सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र रु. १०००.००(अक्षेरुपी एकहजार रुपैंया मात्र) फिर्ता नहुने गरी ग्लोबल बैंक लि. कुश्मिसेरा शाखामा यस कार्यालयको संचित कोष खाता नं. ४५०१०१०००१२० मा बुझाई सक्कल भौचर, आ.व. २०७४/७५ सम्मका लागि नविकरण गरिएको सम्वन्धित विषयको कारोवार गर्ने गरी इजाजत प्राप्त कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७३/७४को कर चुक्ता प्रमाणपत्र वा करमा विवरण पेश गरेको कागजात र नेपाली नागरिकताको प्रमाणपत्रको नोटरी पब्लिकद्धारा प्रमाणित गरिएका प्रतिलिपीहरु निवेदन साथ संलग्न राखि रु. १०।-को टिकट टांसी कार्यालय समय भित्र शिलवन्दी दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले यस जैमिनी नगरपालिकाको कार्यालय, कुश्मिसेरा वागलुङवाट शिलवन्दी दरभाउपत्र फारम खरिद गर्न सक्नेछन् ।
२. खरिद भएका दरभाउपत्रमा भर्नुपर्ने सवै विवरणहरु प्रष्टसँग भरी प्रत्यक पानामा सही छाप गरी यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नं. कामको विवरण, दरभउपत्रदाताको नाम ठेगाना र मोवाइल नं. स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन को १२ बजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको १ वजे दरभउपत्रदाता वा नीजका प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभउपत्र दाता वा नीजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
३. दरभाउ पत्र जमानत बापतको तल उल्लेखित रकम ग्लोवल बैंक लिमिटेडमा सहेको धरौटी खाता नं. ४५०१०१०००१२३ मा नगद जम्मा गरेको सक्कलि भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको नेपाल सरकार बाट मान्यता प्रप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको विडवण्ड (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ ।
४. दरभउपत्र स्वीकृत भएपछी दरभाउपत्रमूल्यको पाचँ (५) प्रतिशले हुने रकम बरावरको नगद भौचर वा मालसामानको वारेन्टी अवधिको लागी मान्यता हुने कार्यसम्पादन जमानत पेश गर्नुपर्ने छ ।
५. दरभाउ पत्रमा मूल्य अभिवृद्धि कर (VAT) वाहेक्को दररेट उल्लेख गर्नु पर्ने छ ।
६. दरभउपत्रमा आइटवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्दछ । अंक र अक्षर विच फरक परेमा अक्षरमा लेखिएमोलाई मान्यता दिइनेछ ।
७. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको दरभउपत्र उपर कुनै कारवाही गरिने छैन । उत्पादक कम्पनी को Brochure अनिवार्य पेश गर्नु पर्ने छ।
८. एक फर्मको नाममा खरीद गरीएको दरभाउपत्र फारम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।
९. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
१०. कुनै पनि कारण जनाइ वा नजनाइ सम्पुर्ण वा आंशिक रुपमा शिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।
११. नेपाल सरकारले लगाएको सम्पूर्ण कर, भन्सार शुल्क, तथा अन्य शुल्कहरु दरभाउपत्र दाताले नै ब्यहोर्नु पर्नेछ ।
१२. दरभाउपत्र, स्पेसिफिकेशन, मुल्य अकिंत परिमाण सूचि र अन्य सम्बन्धित कगतजातहरुमा कुनै त्रुटि वा फरक पर्न गएमा कार्यालयले जुनसुकै बखतमा सच्याउन सक्नेछ र सो को जानाकारी कार्यालयको सूचना पाटीमा टाँस गरीनेछ ।
१३. दरभाउपत्र सम्बन्धी अन्य आवश्यक कुरा बुझ्नुपरे कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिने छ ।
१४. यस सुचनामा उल्लेख नभएका विषयमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ ।
१५. कामको विवरण निम्नाअनुसार छ ।

| सि.नं | शिलवन्दी दरभाउपत्र नं | बिबरण | ईस्टिमेट अंक (मु.अ.क वाहेक ) | धरौटी रकम | फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०३/२०७४/०७५ | ल्यापटप, कम्प्युटर, प्रिन्टर तथा फ्याक्स मेसिन खरिद | रु १३,८८,५७०।- (अक्षरुपी तेह्र लाख अठासी हजार पाँच सय सत्तरी रुपैया मात्र) | रु ३५,०००।- (अक्षरुपी पैंतिस हजार रुपैया मात्र) | रु १,०००।- | |